annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १५५, पृष्ठ ८ | काठमाडौं, बुधबार २२ असोज २०८२ | कार्तिक कृष्णपक्ष द्वितीया, नेपाल संवत् ११४२ | WEDNESDAY, OCTOBER 8, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# अस्ट्रेलियाका मैदानमा मन जोड्दै नेपाली

**नेपाली साथीभाइ र प्रतियोगीसँग मिलेर खेल्दा मित्रता मात्र होइन, सामाजिक सम्पर्कसमेत विस्तार भइरहेको छ । खेलले खेलाडी र हेर्ने दुवै पक्षलाई उत्साहित तुल्याउने भएकाले पनि क्रिकेट र फुटबल नेपालीले साइनो जोड्ने बलियो आधार बनेको हो । यहाँका मैदान र स्टेडियम अस्ट्रेलियाली खेलाडीसँग सांस्कृतिक आदान-प्रदान गर्ने उपयुक्त थलोका रूपमा समेत परिणत हुँदैछन् । साना प्रतियोगिता नै किन नहुन्, मैदानमा मेलमिलापको हात मिलाउँदै प्रवेश गर्दाको क्षण चन्द्रसूर्य अंकित नेपाली झन्डा ठूला समुद्री महासागरमा फरफराइरहेको देख्न पाइन्छ ।**

**जे पाण्डे** | *सिड्नी (अस्ट्रेलिया)*

– को रिपोर्ट

समाचार पृष्ठ २

**अस्ट्रेलियामा आयोजित सक्सेस एनयूएफसी कप २०२५ मा सहभागी नेपाली खेलाडीहरू ।** ● तस्बिर सौजन्य: नेपाल युनाइटेड एफसीको फेसबुक पेज

## कोशीमा मृत्यु हुनेको संख्या ४७ पुग्यो

**रत्नप्रसाद आचार्य** | *सुनसरी*

कोशी प्रदेशमा बाढी र पहिरोका कारण ज्यान गुमाउनेको संख्या ४७ पुगेको छ। इलाममा थप एकको शव फेला परेपछि मृतकको संख्या ४७ पुगेको कोशी प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी दीपक पोखरेलले जानकारी दिएका छन्। सबैभन्दा धेरै इलाममा ३९ को मृत्यु भएको छ। पाँचथरमा २, मोरङमा १, सुनसरीमा १, उदयपुरमा २, खोटाङमा १ र भोजपुरमा १ जनाको ज्यान गएको छ। इलाममा एक व्यक्ति बेपत्ता छन्।

**इलामका पीडितलाई राहत वितरणमा ढिलाइ**

इलाममा बाढी तथा पहिरोपीडित परिवारले अझै राहत नपाएको गुनासो गरेका छन्। मंगलबार कोशी प्रदेश सरकारले पठाएको राहत सामग्री नेपाली सेनाको इलामस्थित ब्यारेक र माङसेबुङ-१ का वडाध्यक्षलाई मात्रै उपलब्ध गराइएको स्थानीयवासीहरूले बताएका छन्। राहत लिएर कोशीका मुख्यमन्त्री हिक्मत कार्की सेनाको हेलिकप्टरमा इलाम गएका थिए। इलाममा पहिरोबाट विस्थापित परिवारको विवरण संकलनमा समेत समस्या भएको छ।

» बाँकी पृष्ठ ६

## प्रहरीमा दर्ता नभएका २ जाहेरी



**सुनिता कार्की** | *काठमाडौं*

जिल्ला प्रहरी परिसर काठमाडौंमा मंगलबार २ वटा जाहेरी पुगे। तर, परिसरले २ वटै जाहेरी दर्ता गरेन। दुवै जाहेरी गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनको सेरोफेरोमा केन्द्रित थियो। पहिलो जाहेरी जेन-जी आन्दोलनमा मारिएका मृतकका परिवारको र अर्को जाहेरी नेकपा एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियुको थियो।

जेन-जी आन्दोलनमा मारिएका मृतकका परिवारले भदौ २३ को घटना मानवताविरुद्धको अपराध भएकाले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न उजुरी दिइएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दीपककुमार भट्टराईले जानकारी दिए। यो जाहेरी आफ्नो कार्यक्षेत्रभित्र नपर्ने भएकाले दर्ता नगरिएको उनले अन्नपूर्णसँग बताए।

'भदौ २३ र २४ गते भएको मानवीय र भौतिक क्षतिको मूल्यांकन, विश्लेषण, अनुसन्धान, कारबाही गर्ने लगायतका कार्य जेन-जी आन्दोलनको छानबिन गर्न बनाएको उच्चस्तरीय जाँचबुझ आयोगले गर्ने भएकाले उक्त जाहेरी आयोग पठाइएको छ। अब आयोगले नै निर्णय गर्छ,' प्रवक्ता भट्टराईले बताए। सरकारले यही भदौ २८ गते जेन-जी आन्दोलनको निष्पक्ष छानबिनका लागि विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा ३ सदस्यीय छानबिन आयोग गठन गरेको छ। आयोगले छानबिन गरी प्रतिवेदन पेस गर्न ३ महिनाको समय पाएको छ।

यस्तै, जिल्ला प्रहरी परिसर काठमाडौंमा काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह र हामी नेपाल गैरसरकारी संस्थाका संस्थापक सुदन गुरुङविरुद्ध अनेरास्ववियुले जाहेरी लिएर पुगेको थियो। अनेरास्ववियुका निवर्तमान अध्यक्ष समिक बडालले साह र गुरुङविरुद्ध जाहेरी लिएर परिसर गए पनि दर्ता नभएको बताएका छन्।

» बाँकी पृष्ठ ६

## फौजदारी कसुरमा अनुसन्धान र कारबाही गर्न प्रतिवेदन कुर्न पर्दैन : जाँचबुझ आयोग

**काठमाडौं** (अन्नपूर्ण) : भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगले फौजदारी कसुरमा संलग्नलाई अनुसन्धान र कारबाही गर्न प्रतिवेदन कुर्न नपर्ने बताएको छ। आयोगका सदस्य विज्ञानराज शर्माले विज्ञप्ति जारी गरेर गत असोज ९ गते गृह मन्त्रालयले जारी गरेको विज्ञप्तिप्रति ध्यानाकर्षण भएको जनाएको छ। यसले जेन-जी आन्दोलनका क्रममा सार्वजनिक सम्पत्तिमाथि तोडफोड र आगजनी गर्नेहरूविरुद्ध अनुसन्धान गर्ने बाटो खुलेको छ। गृह मन्त्रालयले जेन-जी आन्दोलनको घटना सम्बन्धमा जाँचबुझ आयोग बनेको भन्दै पक्राउ परेका व्यक्तिहरूलाई छोड्न दबाब दिएको थियो।

गृह मन्त्रालयले विज्ञप्ति नै जारी गरेर जेन-जी आन्दोलनमा भएको आगजनी र तोडफोडको विषयलाई जाँचबुझ आयोगले हेर्ने उल्लेख गरेको थियो।

» बाँकी पृष्ठ ६




## ३ बजे साइरन बज्यो, साढे ५ तिर खोला पसेर गाउँ नै तहसनहस बनायो

**पार्थ मण्डल** | *झापा*

बिहान ३ बजे साइरन बज्यो। ओछ्यानमा सुतिरहेको अवस्थामै साइरनको आवाज उनको कानमा पुग्यो। सुन्नेबित्तिकै हतपत कोठाबाट उनी बाहिर निस्किए। बाहिर निस्किएर यताउता हेर्दा आकाशबाट परेको पानी मात्र थियो। खोलाको पानी घरआँगनसम्म आएको थिएन।

झापा गाउँपालिका-२ कुवाडीकी कल्पनाकुमारी राजवंशीले पीडाको त्यो क्षण सम्झँदै भनिन्, 'फेरि कोठामा गयौं, त्यसपछि निद्रा लागेन। साढे ५ बजेतिर त खोलाको पानी गाउँमा छिरिरहेको आवाज नै आयो।'

ह्वातै पानी आउँदा त घरआगन बिहान ६ बजे डुबानमा परिसकेको त्यो क्षण सम्झँदा उनलाई कहाली लाग्छ। राजवंशीले भनिन्, 'घरभित्रको सरसामान सार्दासार्दै गाईवस्तु डुबानमा पर्‍यो। त्यसपछि नजिकै रहेको छिमेकीको पक्की घरको बरन्डामा सरसामान र गाईवस्तु लगेर सुरक्षित बस्यौं।'

गाउँमा अहिलेसम्म यस्तो बाढी नछिरेको उनको भनाइ छ। बाढीले उनको टिनले बनाएको कच्ची घर भत्काइदिएको छ। अविरल वर्षापछि असोज १९ गते बिहान कनकाई माई



नदीमा आएको बाढीले करिब २०० मिटर तटबन्ध भत्काई प्रवेश गर्दा कुवाडी गाउँ पूरै तहसनहस बनायो।

तटबन्ध भत्काएको स्थल देखाउँदै कुवाडीका विजय राजवंशीले भने, 'गाउँमा लेदोसहितको पानी छिर्‍यो, घरआँगन सबै डुबानमा पर्‍यो, ज्यान जोगाउनै मुस्किल भयो। २४ घण्टा भोकभोकै बस्नुपर्‍यो, यस्तो विनाश कहिल्यै देखिएको थिएन।'

कुवाडीकी विना अधिकारीले भनिन्, 'घरमा बस्ने अवस्था नै छैन। घरआँगनमा रहेका धान, मकै, चामललगायतका सरसामान सबै बाढीले बगायो।' पहिला पनि बाढी आएको हो। तर, यस्तो विनाश हुने गरी चाहिँ यो पहिलो पटक आएको उनले बताइन्। दिउँसो ४ बजेपछि गाउँ छिरेको पानी कम हुँदै गएको स्थानीय महादेवप्रसाद राजवंशीले बताए। सडकमै कम्मर-कम्मर पानी थियो। यहाँको अवस्था भयावह थियो।

गाउँलेहरू चिच्याउँदै, कराउँदै ज्यान जोगाउन सुरक्षित स्थानतर्फ गएको बताउँदै राजवंशीले भने, 'बाढीको भोलिपल्ट गाउँलेहरू घरआँगनमा छिरेको लेदोसहितको पानी सरसफाइ गर्दै बसे, पानी परेन भने पहिलाकै अवस्थामा फर्किन हप्ता दिन लाग्छ।' बाढीले यहाँका धेरै कच्ची घरहरूमा क्षति पुर्‍याएको छ। पाक्नै लागेको धान बाढीले सुताइदिएकाले यहाँ हजारौं बिगाहा धान खेतमा पनि क्षति पुगेको उनको भनाइ छ।

झापा गाउँपालिका-१ का सुडुखुड्डु, मिलनवस्ती, सितुमारी, लसुनगन्ज, सालमारा, झापा-२ का सुगान बथान, कुवाडी, सडकबारी, बालुवाटार, सिर्जना बस्ती, हल्दार बस्ती, राउत डाँडा, नबिरल टोल र झापा-७ का तीन टोलिया, टप्पु, चौधरी टोलका बासिन्दा सबैभन्दा बढी विस्थापित भएको नेपाल रेडक्रस सोसाइटी झापा शाखाका सभापति लोकराज ढकालले जानकारी दिए। अहिलेसम्म झापा गाउँपालिकामा १८ सयभन्दा बढी परिवार विस्थापित भएका छन्।

» बाँकी पृष्ठ ६